लेखापरीक्षण प्रतिवेदन

रामपुर नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रामपुर नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83

च.न :APPROVED/FAR/2081-82/LOC/421

मिति : २०८३-१-२९

श्रीमान् नगर प्रमुख ज्यू,
रामपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, रामपुर पाल्पा ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/421

श्री नगरप्रमुखज्यू,
रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
पाल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१.कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको रु.१ अर्ब ७१ करोड ३७ लाख ४७ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड १६ लाख ९० हजार (०.६८ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.८० हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.१ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८ लाख ३ हजार, र प्रमाण कागजात पेस गर्नुपर्ने रु.६ लाख १५ हजार रहेको छ। गत वर्षसम्मको रु.१५ करोड ४५ लाख २८ हजार बेरुजु मध्ये यस वर्ष रु.१ करोड ११ लाख ७१ हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.१४ करोड ३३ लाख ५७ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ४९ लाख ६७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रामपुर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत रामपुर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्धेश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५६	५५	१,१६,९०,१५८	०	२७	८०,४७३	०	५६	२८	१,१६,०९,६८५	१,९१,८६४	१,०८,०२,९८२	६,१४,८४०	०	०	१,१४,१७,८२२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	१५,४५,२८,०००	०	१,११,७०,७३९	१४,३३,५७,२६१	०	१,१६,०९,६८५	१५,४९,६६,९४६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिकृयाबाट सम्परीक्षण				
१	२०८१/८२	४४.१	भुक्तानीमा कर कट्टी:	८०,४७३
जम्मा				**८०,४७३**
गत वर्ष सम्मको सम्परीक्षण				
२	२०८०/८१	५२	थप पाठ्यपुस्तक वितरण :	२१,४८,७६९
३	२०८०/८१	५३	क्याम्पसलाई अनुदान :	७,६३,२४५
४	२०८०/८१	३४	अन्य कार्यालयको खर्च	७,२२,६३६

५	२०७८/७९	५४	कार्यक्रम बाहिरको खरिद:	५,५९,७००
६	२०७७/७८	२२	सोझै खरिद	२२,६७,२४०
७	२०७७/७८	३४	सोझै खरिद	२८,१९,१६९
८	२०७७/७८	१७.२	कोभिड तर्फ	१८,८९,९८०
जम्मा				१,११,७०,७३९
कुल जम्मा				१,१२,५१,२१२

रामपुर नगरपालिका, पाल्पा

(८०५५०४०२३००)

रामपुर नगरपालिका , पाल्पा

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १० वडा,१२३.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९१९० जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।६।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- यस वर्ष गाउँपालिकाको रु.१ अर्ब ७१ करोड ३७ लाख ४७ हजार ५०७ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन्।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२०४९२९।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	भौचर नं र बिवरण	रकम रु.
१	८६७४६८३०, ८६८०५९८२, ८६७४६४३५- सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी	३१११२
2	बढी बैठक भत्ता भुक्तानी भौचर नं. ८७५२४३८३	२७२०
३	छात्रवृत्ति अनुदान भौचर नं. ८७१२६९५२	१२८००
४	न्यायिक समितिको बैठक भत्ता, समिति सदस्य बाहेकको भत्ता, आयकर कम कट्टी, पारिश्रमिक कर कम कट्टी बैक दाखिला रिसद नम्बर २४९५ मिति २०८२।६।२८ र भौचर नम्बर ११९१२२ मिति २०८२।६।२६ बाट बैक दाखिला	१४८५९४
५	आयकर कम कट्टी रसिद नम्बर २३८४ मिति २०८२।६।२८ बाट बैक दाखिला	९७०३

२ **एकीकृत आर्थिक विवरण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छ :-

प्राप्ति		भुक्तानी	
विवरण	**रकम**	**विवरण**	**रकम**
सुरु मौज्दात	**१२६११९६८१.९३**	**चालु खर्च**	**४९५४६४२१५.४८**
१.संचित कोष	१०४७३६१०८.९२	१. पालिकातर्फ	१७४२२८८२६.४१
२.धरौटी	१३५२१९७४.००	२. संघीयसशर्त	३१९८२५९४०.०७
३.कार्यसञ्चालन कोष	४०१६७४०.०१	३. संघीयविशेष	
४. अन्य कोष	३८४४८५९.००	४. प्रदेशसशर्त	
यस वर्षको आय	**८५६८२९६५४.७७**	५. प्रदेशविशेष	१४०९४४९.००
१.आन्तरिक आय	५४२७३१७१.१०	**पुँजीगत खर्च**	**१५१६३४५०७.९२**
२. वित्तीय हस्तान्तरण (संघ)	५७७२७२९७०.३६	१. पालिकातर्फ	११७०७७९४६.७०
क) समानीकरण अनुदान	११०६६२५६०.००	२. संघीयसशर्त	९८२१४८९.००
ख) राजस्व बाँडफाँट	९८८४३८९६.०४	३. संघीयविशेष	
ग) सशर्त अनुदान	३५७३०३९९९.१०	४. संघीयसमपुरक	१०४६२५१५.२२
घ) समपुरक अनुदान	१०४६२५१५.२२	५. प्रदेशसशर्त	७९३१९९९.००
ङ) विशेष अनुदान		६. प्रदेशविशेष	
च) रोयल्टी		७. प्रदेशसमपुरक	६३४०५५८.००
छ) अन्य		**अन्तरसरकारी अख्तियारी (संघ)**	**१७०८४५३१७.००**
३. वित्तीय हस्तान्तरण (प्रदेश)	**३७१९१२१४.५७**	क) सामाजिकसुरक्षा	१६७११२३७३.००
क) समानीकरण अनुदान	८२६५०००.००	ख.स्वास्थ्य सुधार कार्यक्रम	३७३२९४४.००
ख) राजस्व बाँडफाँट	१२८५१६८२.५७	अन्तरसरकारी अख्तियारी (प्रदेश)	३८२८३५.००
ग) सशर्त अनुदान	७९६४९९९.००	स्वास्थ्यसुधार कार्यक्रम (संघ सशर्त अनुदान)	३८२८३५.००
घ) समपुरक अनुदान	६६९३७८१.००	ऋणफिर्ता(साँवा)	-
ङ) विशेष अनुदान	१४१५७५२.००	ऋणको ब्याजभुक्तानी	-
च) रोयल्टी	०	धरौटीफिर्ता तथा सदर स्याहा	७२८७५८१.००
छ) अन्य	०	कार्यसञ्चालनकोषबाट भएको खर्च	३२५४३००.००
४. अन्तर सरकारी अख्तियारी (संघ)	**१७०८४५३१७.००**	अन्यकोषबाट भएको खर्च	०
क) सामाजिक सुरक्षा	१६७११२३७३.००	गैरसरकारीसंस्थाबाट सञ्चालित योजना	०
ख. स्वास्थ्य सुधार कार्यक्रम	३७३२९४४.००	अन्यसहयोगमा सञ्चालित योजना	०
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	३८२८३५.००	अनुदानफिर्ता	२८०४९०९६.०३
क) स्वास्थ्य सुधार कार्यक्रम (संघ सशर्त अनुदान)	३८२८३५.००	१. संघतर्फ	२७६५६५७०.०३
६. ऋण/ वित्तीय व्यवस्था	-	क) सर्शतअनुदान	२७६५६५७०.०३

७. धरौटी आय	६२५५८९८.००	ख) विशेषअनुदान	०
८. कार्यसञ्चालन कोष आय	४२०५८८४.८३	ग) समपुरकअनुदान	०
९. अन्य कोषको आय	६४०२३६३.९१	२. प्रदेशतर्फ	३९२५२६.००
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	क) सशर्तअनुदान	३३०००.००
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	ख) विशेषअनुदान	६३०३.००
१२. अन्य आय भएमा	०	ग) समपुरकअनुदान	३५३२२३.००
		अन्तिम मौज्दात	**१२६०३१४८४.२७**
		१. संचितकोषको मौज्दात	१०४७२८००९.४३
		२.धरौटी	१२४९०२९१.००
		३.कार्यसञ्चालनकोष	४९६८३२४.८४
		४. अन्यकोष	३८४४८५९.००
जम्मा	**९८२९४९३३६.७**	**जम्मा**	**९८२९४९३३६.७**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण एवं विश्लेषण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पछिल्लो पटक संशोधन सहितको मिति २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ :

३.१ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,७१,१२,३७३, स्वास्थ्य सुधार कार्यक्रममा रु.३७,३२,९४४, स्वास्थ्य सुधार कार्यक्रम(प्रदेश)मा रु.३,८२,८३५ समेत गरी रु.१७,१२,२८,१५२ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं २७० अनुसूचीमा संलग्न रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ फरक हिसाब:

पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्तिमा रू.२०,९७,३९,०३०.८६,यस वर्षको भुक्तानी रू.२०,९८,१९,१२९.०३ र बैंक मौज्दातमा रु.३८,४४,८५९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१२२२७४८२२.९३	६४७०९०६२३.९१	६४७०९८७२३.४०	१२६०३१४८४.२७
एकीकृतआर्थिक विवरणअनुसार	१२२२७४८२२.९३	८५६८२९६५४.७७	८५६९१७८५२.४३	१२२१८६६२५.२७
फरक	०	२०९७३९०३०.८६	२०९८१९१२९.०३	३८४४८५९

३.३ बैक हिसाब मिलान:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी
१	सञ्चित कोष	१०४७२८००९.४३	१०४७२८००९.४३
२	चालु खाता	०.००	०.००
३	पूँजीगत खाता	०.००	०.००
४	मर्मत खाता	०.००	०.००
५	कल्याण कोष तथा विविध कोष खाता	३८४४८५९.००	३८४४८५९.००
६	प्रकोप व्यवस्थापन कोष खाता	८४०२४५.५३	८४०२४५.५३
७	विविध खर्च खाता	४१२८०७९.३१	४१२८०७९.३१
८	नगर सरसफाई कोष खाता	०	०
९	धरौटी खाता	१,२४,९०,२९१.००	१२४९०२९१.००
जम्मा		**१२६०३१४८४.२७**	**१२६०३१४८४.२७**

४ आन्तरिक नियन्त्रण प्रणाली:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली निर्माण गरेको पाइएन। पालिलकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्छ। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) बमोजिम सार्वजनिक खरिद नियमावली निर्माण गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरू योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• राजस्व सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको जिन्सी खाता PAMS अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,

• लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन दिने गरेको पाइएन,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

५ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष को अन्तमा एक पटक मात्र गरेको छ।

६ बजेट सीमा निर्धारण समिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/गराउनु पर्दछ।

७ बजेट तथा कार्यक्रम तर्जुमा :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/गराउनु पर्दछ।

८ बजेट पेश, पारित र अख्तियारी:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८१/०३/०६ गते रु.७४ करोड ११ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/२० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०३/२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

९ बजेट विनियोजन/खर्च:

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

					रु.हजारमा
विनियोजन			**खर्च**		
कुल बजेट	**चालु बजेट**	**पूँजीगत बजेट**	**कूल खर्च**	**चालु खर्च**	**पूँजीगत खर्च**
७४११०४	५४९१९४	१९१९१०	६४७०९८	४९५४६४	१५१६३४

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.७४ करोड ११ लाख ४ हजार बजेट विनियोजित भएको मध्ये चालु खर्च रु.४९ करोड ५४ लाख ६४ हजार र पूँजीगत खर्च रु.१५ करोड १६ लाख ३४ हजार गरी कुल खर्च रु.६४ करोड ७० लाख ९८ हजार अर्थात पूँजीगत तर्फ २३.४३ प्रतिशत र चालु तर्फ ७६.५६ प्रतिशत खर्च भएको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

१० **खर्च विश्लेषण:**

पालिकाले यस वर्ष कूल आन्तरिक आयवापत रु.५,४२,७३,१७१.१०, राजश्व बाँडफाँडबाट रु.१११६९५५७८.६१ र अन्य आय तर्फ रु.६९०८६०९०५.०६ समेत रू.८५६८२९६५४.७७ आम्दानी भएकोमा चालु तर्फ रु.४९ करोड ५४ लाख ६४ हजार र पूँजीगत तर्फ रु.१५ करोड १६ लाख ३४ हजार गरी कूल रु.६४ करोड ७० लाख ९८ हजार खर्च भएको छ ।खर्च मध्ये आन्तरिक स्रोतको अंश ८.३९ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा तर्फ रु.१ करोड १६ लाख १० हजार खर्च भएको छ जुन आन्तरिक आयको २१.३९ प्रतिशत पदाधिकारी सुविधामा खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

११ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

				(रु.हजारमा)
अनुदान प्रदान गर्ने निकाय	**अनुदानको प्रकार**	**प्राप्त रकम**	**खर्च रकम**	**फिर्ता रकम**
सङ्घीय सरकार	शसर्त अनुदान	३५७३०४	३२९६४७	२७६५७
	विषेश अनुदान	०	०	०
	समपुरक अनुदान	१०४६२	१०४६२	०
जम्मा		**३६७७६६**	**३४०१०९**	**२७६५७**
प्रदेश सरकार	शसर्त अनुदान	७९६५	७९३२	३३
	विषेश अनुदान	१४१६	१४१०	६
	समपुरक अनुदान	६६९४	६३४१	३५३
जम्मा		**१६०७५**	**१५६८३**	**३९२**
कुल जम्मा		**३८३८४१**	**३५५७९२**	**२८०४९**

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.३६ करोड ७७ लाख ६६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.३४ करोड १ लाख ९ हजार बजेट खर्च भइ बाँकी रू.२ करोड ७६ लाख ५७ हजार मिति २०८२।३।२९ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट रू.१ करोड ६० लाख ७५ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.१ करोड ५६ लाख ८३ हजार खर्च भै बाँकी रकम रू.३ लाख ९२ हजार मिति २०८२।३।२९ मा प्रदेश सञ्चित कोषमा फिर्ता देखिन्छ।

१२ **त्रैमासिक पूँजीगत खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

(रु.हजारमा)

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च				असार महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	सङ्घीय पूँजीगत	२०२८४	०	२९९१	१८०६	१५४८७	११२७०
२	प्रदेश पूँजीगत	७९३२	०	०	१३३६	६५९६	३०७६
३	गाउँपालिका पूँजीगत	१२३४१८	८९२	८५३१	३६३१८	७७६७७	४८६४६
कूल खर्च		१५१६३४	८९२	११५२२	३९४६०	९९७६०	६२९९२
खर्च प्रतिशत			०.५९	७.६०	२६.०२	६५.७९	४१.५४

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रू.१५ करोड १६ लाख ३४ हजार निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू.८ लाख ९२ हजार(०.५९ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१ करोड १५ लाख २२ हजार(७.६० प्रतिशत), तेस्रो त्रैमासिकमा रू.३ करोड ९४ लाख ६० हजार(२६.०२ प्रतिशत) र चौथो त्रैमासिकमा रू.९ करोड ९७ लाख ६० हजार(६५.७९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रू.६ करोड २९ लाख ९२ हजार(४१.५४ प्रतिशत) खर्च भएको देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहेको पुष्टी गर्दछ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	४०२०५०००.००	३०५१५२०४.००	७५.८९
२	पूर्वाधार विकास	१३,४५,७५,०००.००	१०,०२,८१,२८९.९२	७४.५१
३	सामाजिक विकास	३७,९०,७८,०००.००	३५,२५,३०,९५१.८७	९२.९९
४	बातावरण तथा विकास	०	०	०
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,२५,४४,०००.००	१,०९,५५,३००.००	८७.३३
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१७,४७,०२,०००.००	१५,२८,१५,९७७.६१	८७.४७
जम्मा		**७४११०४०००**	**६४७०९८७२३**	

उपर्युक्त विवरण अनुसार पालिकाको सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९२.९९ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी अर्थात ७४.५१ प्रतिशत खर्च गरेको छ भने वातावरण र विकास क्षेत्रमा बजेट विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१४ **वार्षिक खरिद योजना/गुरू योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट वार्षिक रू.६ करोड २७ लाख २९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गर्दा खरिद गुरू योजना , वार्षिक खरिद योजना बनाएको पाइएन।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१६ **योजना छनौट र कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वियन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु.१ लाखभन्दा कमको योजना	१५४	७३१००००
२	रू.१ लाख देखि रू.३ लाखसम्मका योजना	२०२	३२४९००००
३	रू.३ लाख देखि माथि रू.५ लाखसम्मका योजना	३२	१४८८५०००
४	रु.५ लाखदेखि माथि रू.१० लाखसम्मका योजना	२६	२२९२५०००
५	रू.१० लाख देखि माथि रू.२० लाखसम्मका योजना	१२	१८१०००००
६	रू.२० लाख भन्दा माथिका योजना	१४	९६२०००००
जम्मा		**४४०**	**१९,१९,१०,०००.००**

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना १५४, १ लाख देखि ३ लाखसम्मका २०२, ३ लाख देखि ५ लाखसम्मका ३२, ५ लाख देखि १० लाखसम्मका २६, १० लाख देखि २० लाखसम्मका १२ र २० लाख भन्दा माथिका ९ गरी कुल जम्मा ४४० योजनामा बजेट विनियोजन गरेको देखिन्छ। कार्यपालिकाको निर्णयबाट रु.२० लाख भन्दा माथिका योजनाहरु ठेक्का प्रक्रिया मार्फत खरिद गरेको छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर, योजनाबद्ध विकास र समृद्धिमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोगगारी बढाउने,

दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्दछ।

१७ पुँजीगत खर्चको विस्तृत विवरण:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यका आधारमा कुनै विधि अपनाई खरिद गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। यस पालिकाले यस वर्ष निम्नानुसार खरिद विधि अवलम्बन गरेको छ:

क्र.सं.	उपशीर्षकको नाम	खर्च शीर्षक नम्बर	खरिद विधि	संख्या	खर्च रकम
१	पुँजीगत तर्फ	३११११२, ३१११३ लागायत विभिन्न	खुला बोलपत्र	२७	६७६०६७३५
२			सिलबन्दी दरभाउपत्र	१८	६९२०९००
३			सोझै खरिद	४५	१२७१५३१९.९२
४			अमानत	०	०
५			उपभोक्ता समिति वा लाभग्राही समुदाय	३५०	६४३९१५५३.००
६			गैर सरकारी संस्था	०	०
जम्मा				**४४०**	**१५१६३४५०७.९२**

पालिकाको यस वर्षको खरिदमा उपभोक्ता समिति र सौझै खरिद अंश धेरै रहेको देखिन्छ। खरिद कार्यलाई प्रतिस्पर्धी एवं मितव्ययी बनाउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

१८ न्यायिक समिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फर्स्यौट/कारवाही भएका विवाद	फर्स्यौट/कारवाही हुन बाँकी विवाद
२२	८०	१०२	७९	२३

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका २२ विवाद, यस वर्ष दर्ता भएका ८० वटा विवाद गरी १०२ जम्मा विवाद मध्ये ७९ विवाद उपर फर्स्यौट/कारवाही भई २२ विवाद बाँकी रहेकोले ऐनले तोके अनुसारको समयमा नै फछ्र्यौट गर्नुपर्दछ।

१९ सेवा प्रवाहको स्थिति:

यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

विवरण	सेवा संख्या
जन्म दर्ता	१६५३
मृत्यु दर्ता	३५१
बसाईसराई दर्ता	६२७
विवाह दर्ता	५८९
सम्बन्ध विच्छेद दर्ता	६५
जम्मा	३२८५

पालिकाले यस वर्ष जन्मदर्ता १६५३, मृत्यु दर्ता ३५१, बसाईसराई दर्ता ६२७, विवाह दर्ता ५८९, सम्बन्ध विच्छेद दर्ता ६५ गरी ३२८५ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भुमिहिन दलित ८२, भुमिहिन सुकुम्बासि ९१, अव्यवस्थित बसोबासी १६७० गरी १८४३ को लगत सङ्कलन गरेको छ। अत: पालिकाले प्राप्त गरेका यि निवेदनहरूको सम्बन्धमा आवश्यक ऐन, कानूनी, नीति, कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनु पर्दछ।

२० **कानून निर्माण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

सि.नं.	**विवरण**	**संख्या**
१.	नीति	२
२.	ऐन	१७
३.	नियमावली	९
४.	कार्यविधि तथा निर्देशिका	७६
	जम्मा	**१०४**

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका नीति २, १७ ऐन, ९ नियमावली र ७६ कार्यविधि निर्देशिका गरी जम्मा १०४ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२१ **बिलम्ब शुल्क:**

लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा २० मा पानी, विजुली र टेलिफोन रकम भुक्तानी गर्दा अपनाउने कार्यविधि सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष खानेपानी तथा बिजुली खर्च शीर्षक अन्तर्गत नगरपालिका र सो अन्तर्गतका कार्यालयको खानेपानीको महशुल रामपुर सानाशहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समुह को नाममा खानेपानी शुल्क भुक्तानी गर्दा बिलम्ब शुल्क समेत भुक्तानी गरेको देखिएकोमा समयमै शुल्क भुक्तानी गर्नुपर्ने देखिन्छ।

गो.भौ.नं.	**बिलम्ब शुल्क**
१६।२०८१।६११	१९१७
२९९/२०८१।१०।२८	५७०९.५३
५२८/२०८२।२।२२	११७६१.८९
६७२/२०८२।३।११	११८०१.८९
जम्मा बिलम्ब शुल्क	**२९२७३.३१**

२२ **परामर्श सेवा खरिद:**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष कोटेशन

विधिबाट सेवा खरिदका लागि जम्मा रु.३३७५५४०.०५ को अध्ययनबाट निर्माण भएको लागत रहेकोमा सो कार्य वापत परामर्शदातालाई रु.३२४५६१९ भुक्तानी खर्च गरेको छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ। परामर्शबाट खरिद गरिएको सेवाको कार्यान्वयन हुन सकेको देखिएन भने निजले दिएको प्रतिवेदन सम्पत्तिको रुपमा अभिलेखाङ्कन गरेको पाइएन। यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउने र सो को पर्याप्त विश्लेषण गरी कार्यान्वियनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ।

क्र.सं.	कार्य	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्माण भएको लागत	कार्यान्वयनको अवस्था
१	MTEF सम्बन्धी खर्च	स्किल नोक्स प्रा.लि.	४६९५१५.००	४९९७३३.४६	रहेको
२	भू-वर्गीकरण सम्बन्धी परामर्श सेवा खरिद	क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि.	१४६६७४०.००	१४९३८४६.७२	रहेको
३	ढुङ्गागिट्टी वालुवाको IEE शुल्क	वास्तुशिल्प आर्किटेक्स एण्ड प्रा.लि.	६४९०३२.००	६७७६८७.५६	रहेको
४	कालीगण्डकी IEE प्रतिवेदन	निर्भाना अल्ट्राटेक इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि.	६६०३३२.००	७०४२७२.३१	रहेको
जम्मा			**३२४५६१९**	**३३७५५४०.०५**	

२३ ठेक्का अभिलेख:

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन भने ठेक्का प्रक्रियाबाट कार्य गराइएकोमा ठेक्का बील पेश गरेको देखिन्छ भने उपभोक्ता समितिबाट गराइएको कार्यमा ठेक्का बील बनाएको पाइएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२४ ठेक्का बन्दोवस्त :

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न योजना	
	कुल जम्मा योजना		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	२७	७५६९०	२	६५८७	१८	५६३३२	६	८३६२	२६	७१२८२

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रू.७ करोड ५६ लाख ९० हजार लागतको ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.६५ लाख ८७ हजारको ठेक्का व्यवस्थापन, दोश्रो चौमासिकमा रू.५ करोड ६३ लाख ३२ हजारको ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा रू.८३ लाख ६२ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत २६ वटा योजनाहरू रु.७ करोड १२ लाख ८२ हजारको सम्झौता भएकोमा रू.६ करोड ८९ लाख ५५ हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा २६ वटा योजनामात्र सम्पन्न भई वडा नं ४ को रङ्गशाला निर्माण तर्फको १ योजना(कबोल अंक रु.४४ लाख ८ हजार)मा सम्झौता हुन नसकि बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

२५ ठेक्का प्रतिस्पर्धा:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छन। यस्ता योजना लागत अनुमान भन्दा १०.०८ देखि ४२.१६ प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

क्र स	योजनाको नाम	प्रतिस्पर्धी गर्ने संख्या	लागत अनुमान	कबोल रकम	घटी प्रतिशत	ठेक्का परेको बोलपत्रदाता
१	चन्द्रोदय मा.वि.भौतिक पूर्वाधार सुधार तथा व्यवस्थापन , वडा नं १	५	१९,९९,२२३.५२	१४,२०,०६९.१८	२८.९७	श्री सि.सि.एस. इन्जिनियरिङ्ग प्रा.लि., बेलकोतगढी-८, नुवाकोट
२	मियालपानी देखि २ नंवडा कार्यालय जाने मो.बा. कालोपत्रे निर्माण	४	९९,९१,७४१.३१	६६,९६,६०१.२५	३२.९८	श्री पस्म कन्स्ट्रक्सन, चापाकोट न.पा.-१०, स्याङ्गजा।
३	डुम्रीफेद देखि ३ नं वडाकार्यालय जाने मो.बा. कालोपत्रे निर्माण	६	३४,९५,९८६.९३	२४,०८,८१५.३९	३१.१०	श्रीगह्रौकाली कन्स्ट्रक्सन प्रा.लि., रामपुर पाल्पा।
४	पाल्पा जिल्ला रामपुरन.पा. ३ केलादी मन्दिरबाट आँप बगैचा हुँदै राताढिक सडक स्तरोन्नति	५	४०,००,०००	२७,५८,१२१.५८	३१.०५	श्रीसन्ध्या एण्ड दिब्या बुल्दर्स एण्ड कन्स्ट्रक्सन,रामपुर पाल्पा।
५	रातमाटा देखि जिरोसम्म कालोपत्रे	७	६०,००,०००	४२,३०,७००.०४	२९.४९	श्रीएज्मी मायरा कन्स्ट्रक्सन प्रा.लि., रामपुर पाल्पा।
६	दरैठाँटी मा.बि. नमुना बिद्यालयकार्यक्रम	४	५०,००,०००	३८,२९,२६३.१६	२३.४१	श्रीसहयोगि कन्ट्रयाक्टर्स एण्ड ट्रेडिङ्ग कम्पनि प्रा.लि.,रामपुर-५, पाल्पाले।
७	रङ्गशालानिर्माण, वडा नं ४	४	६०,००,०००	४४,०८,३२४.१३	२६.५३	श्रीसि.सि.एस. ईन्जिनियरिङ्ग प्रा.लि., बेलकोटगढी न.पा.-८, नुवाकोट।
८	पन्थे बर्दाकोट फुर्केचौर हुँदै १ नं. वडा कार्यालय जाने मो.बा.स्तरोन्नती	६	१,१०,००,०००	६७,०७,६४२.०७	३९.०२	श्रीसक्षम मनकामना कन्स्ट्रक्सन प्रा.लि.,चापाकोट स्याङ्जा।
९	भलायटारलिफ्ट सिंचाई योजना अधुरो पुरा	५	१०,००,०००	८,९९,२३५.८७	१०.०८	श्रीकन्चन कन्स्ट्रक्सन, कुश्मा-५पर्वत।
१०	साखर्दी स्पोर्टस् क्लबखेल मैदान निर्माण	५	१०,००,०००	८,९६,५९५.९६	१०.३४	श्रीकन्चन कन्स्ट्रक्सन, कुश्मा-५ पर्वत।
११	जनशान्तिमा.बि.बिद्यालय मर्मत तथा सभाहल मर्मत	६	१०,००,०००	७,१७,३१२.८७	२८.२७	श्रीसिम्रन साहिल कन्स्ट्रक्सन प्रा.लि., मध्यपुरठिमी, भक्तपुर।
१२	मदरसानुरुलहुँदा अहलेसुन्नत कम्पाउण्ड गेट सहित	८	१०,००,०००	८,४०,९७५.१०	१५.९०	श्रीअमराई कन्स्ट्रक्सन प्रा.लि.,

						रामपुर पाल्पा।
१३	ब्यास बसपार्क देखी कोप्चे घाट मोटर बाटो स्तरउन्नती	५	१०,००,०००	७,६३,७२६.४४	२३.६३	श्रीगण्डकी भ्याली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,बुद्धनगर, काठमाडौँ।
१४	कालीगण्डकी ट्रेकिङ्गतथा साइकलिङ्ग निर्माण	७	२,७०,००,०००	२,०९,६७,५८३.३२	२२.३४	श्रीनिभिल- शृंखला -कुशल जे.भी., रामपुर-१०, पाल्पा।
१५	ग्याब्दीसातविसे माइलो कुलो लाईनिङ्ग	६	१०,००,०००	७,५७,८४६.४२	२४.२२	श्रीडायमण्ड कन्स्ट्रक्सन, टोखा-८, काठमाडौँ।
१६	पाल्पा जिल्ला रामपुर न.पा.५ बरुणेश्वर मन्दिर जाने सडकस्तरोन्नती	५	२५,००,०००	१७,९०,५९८.७७	२८.३८	श्रीजि. के. थापाकन्स्ट्रक्सन प्रा.लि., काठमाडौँ।
१७	कालीगण्डकी आँखा तथाकान उपचार केन्द्र भवन फिनिसिङ	४	१०,००,०००	५,७८,४०९.१२	४२.१६	श्रीकुशल कन्स्ट्रक्सन प्रा.लि., रामपुर पाल्पा।
१८	बेझाडकिसानबारी सडकको पहिरो मर्मत	६	२०,००,०००	१४,२५,०७२.८७	२८.७५	श्रीगण्डकी भ्याली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बुद्धनगर,काठमाडौँ।
१९	चामजरी कुलो निर्माण रामपुर ३ पाल्पा	५	१०,००,०००	७,६३,१२३.२६	२३.६९	श्रीसिम्रन साहिल कन्स्ट्रक्सन प्रा.लि., मध्यपुरठिमी, भक्तपुर।
२०	चिसापानी दह्रान-समाङसिङ मोटरबाटो स्तरोन्नती रामपुर ४ र ५, पाल्पानिर्माण कार्य	७	१०,००,०००	६,६१,७६५.३४	३३.८२	श्रीब्रदर्स कन्ट्रयाक्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.
२१	खुल्ला ब्यायमशाला सामाग्री आपूर्ति तथा स्थापना	५	३८,००,०००	२२,७६,९५०.००	४०.०८	श्रीजि.पि. मेसिन्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., मधावपुर, रत्ननगर-१३, चितवन।
२२	रामपुर उद्योग वाणिज्य संघ अधुरो भवन निर्माण तथा कम्पाउण्डवाल	६	१५,००,०००	१२,१५,३४३.४९	१८.९८	श्रीगण्डकी भ्याली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बुद्धनगर,काठमाडौँ।

यसरी लागत अनुमानको तुलनामा १०.८ देखि ४२.१६ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

२६ **निर्माण कार्य व्यवस्थापन:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रूपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गरेको तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराएको छ। यस वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट गराइएका कार्यहरु निम्नानुसार रहेका छन्:

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
३७९	२७	७५६९०६१९	३५०	६२७२९०००

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३७९ योजनामा मध्ये ठेक्का मार्फत २७ वटा योजनामा रू.७,५६,९०,६१९.१३ सम्झौता गरी रु.६,८९,५५,१२७.१४ खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३५० योजनामा रु.६,२७,२९,००० खर्च गरेको छ। अर्थात, ३७९ योजनामा भएको कुल खर्च रू.१३,१६,८४,१२७.१४ मध्ये ५२.३६ प्रतिशत रकम ठेक्का प्रक्रिया मार्फत र ४७.६४ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले यस वर्ष संचालित योजनाहरूमा सडक पिच १.२ कि.मि., सडक ग्रावेल ८.२ कि.मि., र नयाँ ट्र्याक ४.६ किलोमिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरू समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु/गराउनु पर्दछ।

२७ **टुक्रा पारी खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ। कार्यालयले निम्मानुसारको निर्माण कार्य टुक्रा टुक्रा पारी खरिद गरेको देखिएको उक्त खरिदलाई नियमित मान्न नसकिएको रू.

भौ. नं. मिति	काम	निर्माण व्यवसायी	रकम
४५१-२०८२/३/२३	कवर्ड हल निर्माण वडा नं. ५	मोबाइल निर्माण सेवा	९,६२,२२६
४४९-२०८२/३/२३	कवर्ड हल निर्माण वडा नं. ७	राम्चे मल्टिप्रपोज कन्सल्टेन्सी प्रा.लि.	९,५५,३०५
जम्मा			**१९,१७,५३१**
४५१-२०८२/३/२३	फर्निचर तथा फिक्चर	गण्डकी सप्लायर्स	४,८१,३६३
४०५-२०८२/३/११	फर्निचर तथा फिक्चर	रामपुर फर्निचर उद्योग	८,७३,४८५
४१२-२०८२/३/१२	मेशिनरी सामाग्री	टेक आइज नेपाल	४,५०,३५०
जम्मा			**१८,०५,१९८**
४५४-२०८२/३/२३	बेझाङ बजार क्षेत्र सडक वत्ति जडान	मल्टिस्टार प्रपोज कन्सल्टेन्सी प्रा.लि.	९,१५,६०१
४५०-२०८२/३/२३	पालिका तथा संवेदनशील क्षेत्रमा सडक वत्ति जडान	बेलियो सेन्टर	३,६२,५६०
४७७-२०८२/३/२५	पालिका तथा संवेदनशील क्षेत्रमा सि.सि. टिभी जडान	नासा कम्प्युटर	५,६६,१३८
जम्मा			**१८,४४,२९९**
कुल जम्मा			**५५,६७,०२८**

अनियमित भएको	५५,६७,०२८

२८ **कालीगण्डकी ट्रेकिङ तथा साइकिलिङ करिडोर निर्माण:**

<u>यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:</u>

(क) पालिकाले यस वर्ष सङ्घीय समपुरक बजेट अन्तर्गत कालीगण्डकी पैदल मार्ग निर्माणका लागि रू १,३५,००,००० सङ्घीय

समपुरक र पालिकाको १,३५,००,००० गरी २ करोड ७० लाख बजेट व्यवस्था भएको पाइयो। पालिकाले ४३.६४ कि.मि.(१६०० मिटर बाहिर ट्र्याक समेत) को ट्रेकिङ साइक्लिङ करिडोर निर्माण(रामपुर खण्ड) को लागि रू १००८७७१८०८।८७ विस्तृत परियोजना प्रस्ताव गरेको देखिन्छ। पालिकाले सो रकमको बजेट व्यवस्था भई यस वर्षको बजेटबाट वडा कार्यालय ३, ६, ८, १० बाटोको ट्र्याक खोल्नेगरी कुशल कन्सट्रक्सन प्रा.लि. सँग मिति २०८२/३/१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/११/१२ मा रु. २,०९,६७,५८३।३२ सम्झौता भई निर्माण कार्य सम्पन्न भएको छ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेस्की दिन सकिने व्यवस्था रहेको छ। साथै सोही नियमावली, २०६४ को नियम ११३ को (४) मा पेस्की रकम दिँदा बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेस्की फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले कालीगण्डकी ट्रेकिङ तथा साइक्लिङ करिडोर निर्माण गर्न कुशल कन्ट्रक्सन प्रा.लि. सँग मु.अ.कर सहित रू २,०९,६७,५८३।३२ को मिति २०८१/११/१२ मा सम्झौता भइ कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८२/३/१० रहेको अवस्थामा निजलाई मु.अ. कर रकम समेतको भौ.नं. १४९ मिति २०८१/११/२८ बाट रू १९,५०,००० र भौ.नं. १७७ मिति १७७ मिति २०८१.१२/६ मा रू १९,५०,००० गरी रू ३९,००,००० पेस्की दिएकोमा ग्लोवल आइ.एम.ई बैंकको पेस्की जमानत June ६, २०२५ अर्थात मिति २०८२/२/२३ को पेस्की जमानत पत्र रहेको ठेक्काको म्याद नसिकिएको पेस्कीको म्याद २०८२/२/२३ मा सकिएको अवस्थामा पालिकाले भौ.नं. ४६६ मिति २०८२/३/२४ बाट पेस्की फछर्यौट गरेको देखिन्छ। पेस्कीको म्याद सकिएपछि पेस्की फछयौट गरेको र पेस्कीको म्याद थप गर्न लगाउनु पर्नेमा लगाएको पाइएन।

(ग) सार्वजनिक खरिद नियमावलीको नियम ११७ को २(ख) मा निर्माण कार्यको कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा र सम्बन्धित निर्माण व्यावसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपदफा (२) बमोजिम कार्य स्विकार प्रतिवेदन तयार गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा यस पैदलमार्ग निर्माण योजना निर्माण कार्यको ८३.१२ प्रतिशत मात्रै भएको देखिएतापनि नियमावलीको व्यवस्था विपरित पालिकाले कार्य स्वीकार प्रतिवेदन लिएको देखिन्छ।

२९ क्याम्पसको सभाहल निर्माण:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क) मा रू एक करोड रुपैँया सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिसँग गर्न सकिने र सोही नियमावलीको नियम १२ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने तर यसरी निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। पालिकाले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शहीद बहुमुखी क्याम्पस मा कक्षा ११ र १२ को लागि सभाहल निर्माण गर्न विनियोजित रकम रू.१५,००,००० र आन्तरिक श्रोतबाट रु.२,६१,६४४।६६ गरी रु.१७,६१,६४४.६६ लागत अनुमान तयार गरी नेत्र प्रसाद भट्टराईको अध्यक्षताममा उपभोक्ता समिति गठन गरी क्यामपसको नाममा रू १४,६६,४८५ भुक्तानी भएको देखिन्छ। यसरी क्यामपस जस्तो प्राज्ञिक क्षेत्र भए तापनि उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नसकिने क्षेत्रमा निर्माण कार्यमा खर्च गरिनुलाई नियमित मान्न नसकिएको रू.

अनियमित भएको	१४,६६,४८५

३० गैर सरकारी संस्थाबाट कार्य गराएको:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउन सकिने साथै सोही ऐनको नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउँदा कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जस्ता कार्यक्षेत्रगत रुपमा लगाउन सकिने व्यवस्था रहेको छ। कार्यालयले भौ.नं. २ मिति २०८१/११/२८ मा कुशल कन्ट्रक्सन प्रा.लि. लाई गैर सरकारी संस्थाबाट सञ्चालित कालीगण्डकी आँखा तथा कान उपचार केन्द्रको भवन फर्निसिङ गरेको भनि भौ.नं. २ मिति २०८१/११/२८ बाट रू. ५,७४,२८० भुक्तानी दिएको देखिएकोले गैर

सरकारी संस्थाबाट जनचेतना सम्बन्धी कार्य गराउन सकिनेमा फर्निसिङ जस्तो कार्य गराई भुक्तानी दिएकोले उक्त खर्च नियमित नदेखिएको रू.

अनियमित भएको	५,७४,२८०

३१ **सडक बोर्ड सम्बन्धमा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(१) मा कुनै खरिद कारबाहीमा भाग लिने प्रयोजनको लागि सयुक्त उपक्रम बनाई बोलपत्र मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले आ.ब २०८०-०८१ को लागि सडक बोर्ड तर्फको कार्यक्रमको लागि सडक वोर्डबाट रु.६९९९८५८.९/- र पालिकाले रु.२९९९९३९.५/- खर्च व्यहोर्ने गरी रु.९९९९७९८.४/- को लागत अनुमान तयार गरी मिति २०८०/११/२२ सदावर्त बाङ्गेपसल बेझाङ खेत हुँदै किसान बारी डुम्रीगाउँ विजपुर मोटरबाटो निर्माणको लागि ठेक्का खोलेको तर सडकबोर्ड बाट मिति २०८१/०१/२८ मा मात्रै अनुमती प्राप्त गरेको देखिन्छ। पालिकाले ठेक्का खोली मिति २०८१/०१/१६ मै साइबाबा कन्सट्रक्सन सँग सम्झौता गरेको मिति २०८१/०३/१० गते सम्पन्न गर्नेगरी काम सुरु भएको देखिन्छ। कार्यस्थलमा काम गर्न स्थानीयको अवरोध भएको कारण देखाइ सो मितिमा कार्य सम्पन्न नभएको कारणबाट २०८१/०३/१० गतेको कार्यपालिका बैठकको निर्णयबाट सो कामको म्याद २०८१/०६/३० सम्म थप गरेकोमा सडक बोर्डबाट २०८१/०५/२५ मा कार्तिक मसान्तसम्ममा भुक्तानीको लागि आवश्यक कागजात पेश गरिसक्न चिठी लेखेको जसमा अन्यथा सोको जिम्मेवारी वोर्डले नलिने विवरण समेत खुलाएको पत्र प्राप्त भएकोमा पालिकाबाट मिति २०८१/०७/२६ को पत्रमार्फत रकम निकासाको लागि आवश्यक कागजात सहित अनुरोध गरिएको देखिएता पनि सो पत्र सडक बोर्डमा तोकिएको समायावधिमा नपुगेको कारणबाट सडकबोर्डबाट रकम निकासा नभएको देखिन्छ। पालिकाले साइबाबा कन्ट्रक्सनको मिति २०८१/०८/२४ को विजकमार्फत २०८१/०६/३० देखि २०८१/०८/२१ सम्म मात्र ५१ दिनको मात्रै हर्जाना लगाएर रु.५१९१७२७/- भुक्तानी गरेकोमा सम्झौता बमोजिम ७०% सडक बोर्ड नेपाल र पालिकाको ३० प्रतिशत अंश रहेको उक्त निर्माण व्यवसायीलाई समयमा नै काम गराउन नसक्दा सडक बोर्डबाट प्राप्त हुनुपर्ने रू ३६३४२०८।९० रकम प्राप्त हुन सकेन तसर्थ पालिकाले तोकिएको समयमानै कार्य सम्पन्न गर्ने गरी सम्झौता गरिनु पर्दछ।

३२ **फरक दरमा निर्माण सामाग्रीको प्रयोग:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बील र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोहि अनुपातमा कम गरी विल भरपाइको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ। पालिकामा उपभोक्ता समिति मार्फत कार्यान्वियन गरिएका निम्न योजनाहरुमा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण तथा दर र उपभोक्ता समितिले पेश गरेको विलबीजक फरक परेको देखिन्छ जसले गर्दा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	गो.भौ.नं. र मिति	योजनाको नाम	फरक परेको आइटम	रकम	लागत सहभागिता	कुल फरक परेको
१	२२५-२०८२/१/३	धनसार मध्यमार्गी मो.बा स्तरोन्नती	डन्डी	९२२२/-	१२०२/-	८०१९/-
२	२४४-२०८२/१/४	कृयापुत्री ट्रस निर्माण	ट्रस	२६६३६/-	३४७५/-	२३१६१/-
३	२६५-२०८२/१/९	लाङ्गाली समाज भवन निर्माण	फलाम	७४०८१.१९/-	९६६२.७६/-	६४४१८.४२/-
			टिन	११९७९.३७/-	१४५८.१७/-	९७२१.१९/-
४	४२६-२०८२/३/१३	सहिद बहुमखी क्याम्पस कक्षा ११र १२व्यवस्थापन	फर्मा	३६११८/-	४७१०.७६/-	३१४०७.२३/-
५	४७४-२०८२/३/२४	ज्याग्दी पार्क निर्माण	इट्टा	१५२४२/-	१९८८.०९/-	१३२५३.९१/-
जम्मा फरक परेको						**१४९९८०.७५**

असुल गर्नुपर्ने	१,४९,९८०.७५

३३ कार्यक्रम संशोधन बेगर खर्च:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित निकायले त्यस्तो कार्यक्रम सञ्चालन गर्न कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले पालिकाको दरैठाँटी मा.वि. नमुना विद्यालय ५० लाखको बजेट व्यवस्था भई भवन निर्माण गर्न मिति २०८२/२/२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/७/२९ मा रु.३८२९२६३।१६ मा सम्झौता भई निजलाई भौ.नं. २१ मिति २०८१/८/१९ बाट रु.३७,५१,०७३ भुक्तानी दिइसकेपछि बजेट बाँकी रहेको भनी सोही विद्यालयमा गण्डकी भ्याली कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग सम्झौता गरी निजलाई रु.९,६९,२९४ भुक्तानी दिएकोले कार्यक्रम संशोधन बेगर खर्च लेखेको नियमित नदेखिएको रु.

अनियमित भएको	९,६९,२९४

३४ एज वल्ड नक्सा सम्बन्धमा:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ड नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसारका निर्माण व्यवसायीले खरिद सम्झौताको जि.सि.सि. ७१.२ एज विल्ड ड्रोइङ नक्सा पेश गर्ने गरी सम्झौता भएकोमा एज विल्ड नक्सा पेश नभई भुक्तानी भएकोले खरिद सम्झौता बमोजिम एज विल्ड नक्सा पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

सि.नं.	भौ.नं. र मिति	काम	निर्माण व्यवसायी	भुक्तानी रकम
१	४५७-२०८२/२/८	नियालपानी देखि वडा नं २	पस्म कन्ट्रकस्सन	१५०००
जम्मा				**१५०००**

प्रमाण पेश नगरेको	१५,०००

३५ पार्किङ शुल्क सम्बन्धमा:

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५(ग)१ मा ठेक्का वा करार अन्तर्गत लागेको ठेक्कामा तोकिए बमोजिम मूल्य अभिवृद्धि कर असुल गरिने भन्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्र पार्किङ शुल्क उठाउनका लागि मिति २०८१/७/५ सूचना प्रकाशन गरी सबैभन्दा बढी दररेट पेश गर्ने नमस्ते रामपुर यातायात प्रा.लि. ले मू.अ. कर सहित रु. ३,५५,००० निजसँग सम्झौता भई

२०८१।८।१८ कार्यदेश दिएको देखिन्छ। निजले एकमुष्ट रकम रू ३,५५,००० दाखिला गरेको अवस्थामा पालिकाले पुरै रकम स्थानीय संचित कोषमा दाखिला गरेकोले सो रकममा लाग्ने मूल्य अभिवृद्धि कर रु.४०,८४०.७० सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४०,८४०

३६ **कार्य सम्पादन जमानत:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको रकम भुक्तानी दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यालयले रातमाटा देखि जिरोसम्म कालोपत्रे गर्न एम्जी मायरा कन्ट्रक्सन प्रा.लि. सँग मिति २०८२/२/१५ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८१/८/५ मा रु. ४२,३०,७९९/०४ सम्झौता गरी २ वटा बीलबाट रकम रु. ३३,८६,५३६ भुक्तानी गरेको देखिन्छ। सोही नियमावलीको नियम ११० (४) मा खरिद सम्झौता गर्दा कार्य सम्पादनको अवधि निर्माण कार्यको त्रुटी सच्चाउने अवधि भन्दा कम्तिमा एक महिना बढीको हुनुपर्ने व्यवस्था भए पनि निज निर्माण व्यवसायीको ग्लोवल आइ.एम.ई. बैंकको रु. ५५९००० कार्य सम्पादन जमानत २०८२/९/४ सम्म रहेको अवस्थामा निजको लेखा परीक्षण अवधिसम्म पनि म्याद थप पनि नभएको अवस्थामा कार्य सम्पन्न हुन सकेको छैन। कार्यालयले आवश्यक निर्णय गरी कार्यसम्पादन जमानत थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,५९,०००

३७ **बढी भुक्तानी:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पन्थे बर्दाकोट फुर्केचौर हुँदै १ वडा कार्यालय जाने बाटो निर्माणका लागि सक्षम मनकामना कन्ट्रक्सन प्रा.लि. सँग मिति २०८२/२/३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/१०/६ मा रु.६७०७६४२।०७ को सम्झौता भई निजलाई अन्तिम बीलबाट मिति २०८२/३/२५ बाट रु.३३००७३४ भुक्तानी हुँदा निज फर्मले अन्तिम बीलको लागि मिति २०८२/२/२९ मा निवेदन पेश गरेको र पि.एस. आइटमको ल्याब टेष्ट गरेको बीलको मिति २०८२/३/२३ रहेको देखिएकोले ल्याब टेष्टको रिपोट आउनुभन्दा अगाडीनै बील पेश गरेकोले ल्याब रिपोर्टको रु.१८,७०० बील आउनु भन्दा अगाडी नै बील पेश गरी भुक्तानी भएको रु.१८,७०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१८,७००

३८ **सहकारी नियमन सम्बन्धमा:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ। साथै पालिकामा संस्थागत रूपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला नगरेको र सहकारी संस्थाहरूको नियमित सघन अनुगमन गरेको छैन। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनुपर्दछ। पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ:

सहकारी संस्थाको किसिम	सहकारीसंख्या	सदस्यसंख्या	शेयरपुजीँ	बचत	ऋणलगानी	जगेडाकोष
बचततथा ऋण सहकारी संस्था	४	२६१७	३००४२१००.००	२१६४०९४०६.५२	१६३१८३९२८.८४	७९३१३०७.८८
कृषिसहकारी	११	२२५३	३००११०००.००	९३२०२४९६.८५	१२४३८२८२१.००	१०११०६४४.५१
बहुउदेश्यीयसहकारी संस्था	१	२९१	२८६६०००.००	६००८९७१.२२	८४७८७२१.००	२१९८९०.५५
दुग्घसहकारीसंस्था	१	४१८	१६७२२००.००	६२४०५९०.६५	४४४८७९८.००	४०७७७२.०८
जम्मा	**१७**	**५५७९**	**६४५९१३००.००**	**३२१८६१४६५.२४**	**३००४९४२६८.८४**	**१८६६९६१५.०२**

३९ सहकारी संस्थाको अनुगमनः

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी अनुगमनबाट दिएका सुझावका केही उदाहरण निम्नानुसार रहेका छन:

पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या	अनुगमन गरेका सहकारी संस्थाको संख्या	अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु	अनुगमन प्रतिवेदन उपर गरेको कारबाही
१७	१३	१.संस्थाले साधारण सभा गर्दा सहकारी ऐन, २०७४ को दफा ३८ ले तोके बमोजिमको सवै प्रकृया पुरा गरी मात्र साधारण सभा गर्नुपर्नेमा सो प्रावधान पूर्ण रुपमा अवलम्बन गरेको पाइएन् ।	२ वटा सहकारी खारेजी प्रक्रिया मार्फत खारेजी गरिएको ।
		२.संस्थाले गणपुरक संख्या उपस्थिति विना साधारण सभा सम्पन्न गरेको पाइएको ।	७ दिन कारोवार रोक्का गरी आवश्यक प्रक्रिया पुरा गर्न लगाएको ।
		३.संस्थाको संरक्षित पुँजीफिर्ता कोषमा रहेको रकमलाई सहकारी ऐन नियम अनुसार सदस्यले गरेको कारोबारको आधारमा सदस्यलाई फिर्ता गर्नुपर्नेमा सो कार्य भएको पाइएन ।	
		३. नियामकीय प्रतिवेदन समयमा पेश नगरेको साथै साधारण सभाको जानकारी समेत नगरेको ।	
		४. समयानुकुल नीति नियममा आएको परिवर्तन अनुसार विनियम संशोधन नगरेको ।	
		५. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनित नहुने व्यवस्थाको कार्यान्वयन नगरेको ।	
		६.संस्थाको कोष हिसाव सहकारीको प्रयोगमा रहेको सफ्टवयर प्रणाली र अडिट रिपोट अनुसार फरक रहेको ।	

पालिकामा दर्ता भएका १७ वटा सहकारी संस्थाहरु मध्ये १३ वटा सहकारीको मात्र अनुगमन गरेको विवरण पेश भएको छ। अनुगमन प्रतिवेदनमा विभिन्न किसिमका कमी कमजोरी देखाई त्यसमा सुधार गर्न सुझाव दिएको देखिन्छ। सहकारी सदस्यहरुको हित वृद्धि गर्न र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने जोखिम रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको सघन र नियमित अनुगमन गरी वचतकर्ताको लगानी सुनिश्चित गरिनु पर्दछ।

४० नक्सा दर्ता र पासः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	आर्थिक वर्ष	विगत वर्षको बाँकि	नक्सा दर्ता संख्या	नक्सापास संख्या	बाँकि
१	**२०८१/८२**	९४६	१६३	१९५	९१४

उपरोक्त विवरण अनुसार गत वर्षको बाँकि ९४६ र यस वर्ष नयाँ दर्ता १६३ समेतबाट यस वर्ष १९५ वटा नक्सापास गरेको गरी हालसम्म ९१४ नक्सा पास गर्न बाँकि छ।

४१ **सफ्टवेयर सञ्चालन:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्षसम्म देहाय बमोजिमका सफ्टवेयरहरु सञ्चालन गरेको छ।

क्र.सं	विवरण	प्रयोगको अवस्था	रकम
१	एकीकृत अनुदान व्यवस्थापन सम्बन्धि सफ्टवेयर	सबै सफ्टवेयरहरु प्रयोगमा रहेका छन्।	४,९४,९४०
२	विद्युतिय न्यायिक व्यवस्थापन प्रणाली		४,८१,३८०
३	कर्मचारी व्यवस्थापन सुचना प्रणाली		४,९७,२००
४	EHMIS सफ्टवेयर		१२,९९,५००
क.	**जम्मा खरिद खर्च**		**२७७३०२०**
५	दर्ता चलानी प्रणालीको वार्षिक मर्मत शुल्क	सबै सफ्टवेयरहरु प्रयोगमा रहेका छन्।	५७,०००
६	फोहोरमैला व्यवस्थापन कार्यान्वयन प्रणालीको AMC शुल्क		१,१३,९०४
७	डिजिटल प्रोफाइल अध्यावधिक खर्च		५,३८,९६१
८	आय लेखा, मालपोत तथा भूमिकर र सम्पत्ति कर तथा आय लेखा सम्बन्धी सफ्टवेयरको AMC खर्च		१,५९,५५६
९	EHIRRS सफ्टवेयर AMC खर्च		१,६८,९९१
१०	डिजिटल बडापत्र,डिजिटल परिचयपत्र र योजना सम्झौता सम्बन्धि सफ्टवेयरको वार्षिक मर्मत शुल्क		४,२२,१००
ख.	**जम्मा मर्मत सम्भार खर्च**		**१४६०५१२**
कुल खर्च(क+ख)			**४२३३५३२**

४२ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी:**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। तर पालिकाले यस वर्ष गाउँपालिका तर्फ ३२, स्वास्थ्य तर्फ १८ तलबी प्रतिवेदन पारित नगरी कुल ५० जना स्थायी कर्मचारीलाई रू.३,२१,०२,३४३ तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

४३ **दरबन्दी र पदपूर्ति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्:

क्र सं	पद	तह	सेवा	समूह	स्वीकृत दरबन्दि	पदपूर्ति		पदपूर्ति हुन बाकी
						स्थायी	करार	
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.द्धितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	१	१	०	०
२	इन्जिनियर	सातौं.	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	३	१		२
३	अधिकृत	सातौ	स्थानीय शिक्षा सेवा	शिक्षाप्रशासनरपरिक्षण तथा मूल्याङ्कन	१	१	०	०
४	अधिकृत	सातौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	४	१	०	३
५	अधिकृत	सातौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	१	१	०	०
६	अधिकृत	सातौ	स्थानीय स्वास्थ्य सेवा	स्वास्थ्य सेवा	३	३	०	०
७	आन्तरिक लेखापरीक्षक	सातौ	स्थानीय प्रशासन सेवा	आन्तरिक लेखा परीक्षण	१	०	०	१
८	कम्प्युटर अधिकृत	छैठौ	स्थानीय सूचना प्रविधि सेवा	सूचना प्रविधि	१	०	१	०
९	कानून अधिकृत	छैठौ	न्याय	कानून	१	०	०	१
१०	सहायक	छैठौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	८	३		५
११	सहायक	छैठौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	३	२	१	०
१२	नगर प्रहरी निरीक्षक	छैठौ	नगर प्रहरी	नगर प्रहरी	१	०	०	१
१३	कम्प्यूटर अपरेटर	पाचौ/चौथो	विविध	विविध	३		३	०
१४	सर्वेक्षक	पाचौ			१		०	१
१५	लेखा सहायक	चौथो/पाचौ	स्थानीय प्रशासन सेवा	लेखा समूह	२	१		१
१६	प्रा स	छैठौ	स्थानीय शिक्षा सेवा	शिक्षाप्रशासनरपरिक्षण तथा मूल्याङ्कन	३	२		१
१७	सव इन्जिनियर	पाचौ	स्थानीय इन्जिनियरिङ्ग	सिभिल	१०	४	२	
१८	सहायक	चौथो/पाचौ	स्थानीय प्रशासन सेवा	सामान्य प्रशासन	१४	७	४	३
१९	अ सव इन्जिनियर	चौथो	स्थानीय इन्जिनियरिङ्ग सेवा	सिभिल	१२	२	०	१०
२०	महिला विकास निरीक्षक/सहायक महिला	पाचौ/चौथो	स्थानीय प्रशासन	सामान्य प्रशासन	२	१		१

	विकास निरीक्षक		सेवा					
	नायब प्रहरी निरीक्षक	पाचौ			१		१	०
२१	अमिन	चौथो	इन्जि	सर्भे	१		१	०
२२	सहायक कम्प्युटर अपरेटर	चौथो			११		०	११
२३	नगर सहायक प्रहरी निरीक्षक	चौथो			१		०	१
२४	नगर प्रहरी हवलदार	चौथो			३		२	१
२५	सहायक कम्प्युटर अपरेटर	चौथो			१०		०	१०
२६	नगर रक्षक जवान				६		४	२
२७	हेभी सवारी चालक				७		५	२
२८	भारी सवारी चालक सहयोगी				२		०	२
२९	ह.चा.स.				५		२	३
३०	कार्यालय सहयोगी				२०		१९	१
३१	फोहर संकलक				५		५	०
३२	बगैचे र माली				३		१	२
३३	कुचिकार				१		०	१
नगरकार्यपालिकाको कार्यालय र वडा तर्फ जम्माः					**१३१**	**३०**	**५१**	**५०**
भेटनरी तर्फ								
१	अधिकृत	छैठौ	स्थानीय कृषि सेवा	भेटेरनरी	१	१	०	०
२	सहायक	पाचौ	ला.डे.पो.पो.	भेटेरिनरी	१	१	०	०
३	सहायक	चौथो	ला.डे.पो.पो.	भेटेरनिरि	१	०	१	०
४	सहायक	चौथो			१०	०	०	१०
जम्मा					**१३**	**२**	**१**	**१०**
कृषि तर्फ								
१	अधिकृत	छैठौ	स्थानीय कृषि सेवा	कृषि प्रसार	१	०	१	०
२	सहायक	पाचौ	स्थानीय कृषि सेवा	कृषि प्रसार	१	०	०	१
३	सहायक	चौथो	स्थानीय कृषि सेवा	कृषि प्रसार	२	०	२	०
४	सहायक	चौथो	स्थानीय कृषि सेवा	कृषि प्रसार	१०	०	०	१०
जम्मा					**१४**	**०**	**३**	**११**
कुल जम्मा					**१५८**	**३२**	**५५**	**७१**

यसरी पालिका र पालिका अन्तर्गतका निकायहरूमा प्रमुख प्रशासकीय अधिकृत सहित १५८ स्वीकृत दरवन्दी भएकोमा ३२ स्थायी, ५५ सेवा करारबाट कार्य सम्पादन हुदै आएको छ भने ७१ पदपूर्ति हुन सकेको छैन। दरवन्दी बमोजिम जनशक्तिको पुर्णता नहुदा सेवा

प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिएको छ। अत: रिक्त दरवन्दी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

४४ **भुक्तानीमा कर कट्टी:**

४४.१ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६,५१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **२१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **२,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४.२ भुक्तानीमा कर कट्टी:

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **५,६७२.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **५,६७२.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **५,६७२.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **४,७४८.६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,९५२.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,५४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,५५६.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४.३ **(ग)** ६५२/२०८२।३।११ आयकर ऐन, २०५८ को दफा ८८क. मा आकस्मिक लाभ वापतको भुक्तानीमा पच्चिस प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको प्रोत्साहान तथा पुरस्कार वितरण कार्यक्रमको भुक्तानीमा नियमानुसार करकट्टा नगरी भुक्तानी गरेको देखिएकोले कानुन बमोजिम यसरी भुक्तानी लिने देहायको व्यक्तिहरुबाट उक्त कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**भुक्तानी पाउनेको नाम**	**जम्मा रकम**	**२५% ले हुनुपर्ने करकट्टी रकम**	**भएको करकट्टी**	**बढी भुक्तानी रु.**
१	संगम टोल विकास संस्था, सचिव विष्णु सेन	१००००	२५००	०	२५००
२	ब्लडलिङ्क कम्युनिकेशन, रा.न.पा ५ युनिट इन्चार्ज मधुसुदन पंगेनी	१००००	२५००	०	२५००
३	विष्णु पंगेनी	१००००	२५००	०	२५००
जम्मा		**३००००**	७५००	**०**	७५००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,५००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	७,५००

४५ **खरिद प्रतिस्पर्धा नभएको:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक निकायले एक लाख रूपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्न अनुसारका खरिद कार्य गर्दा सो नियमावलीको उक्त व्यवस्थाको पालना नगरी सम्झौताका आधारमा गरेको भुक्तानी नियम सम्मत नदेखिएको रू.

क्र.सं.	**भौ. नं. र मिति**	**कार्यको विवरण**	**संलग्न सेवा प्रदायक**	**रकम रू**
१	५६७-२०८२/३/१	अध्ययन अवलोकन भ्रमणमा यातायात सुविधा उपलब्ध गराएको	शिव प्रसाद ढकाल	३,३०,०००
२	५८४-२०८२/३/३	अध्ययन अवलोकन भ्रमणमा यातायात सुविधा उपलब्ध गराएको	सागर तिमिल्सेना	२,१०,०००
जम्मा				**५,४०,०००**

अनियमित भएको	५,४०,०००

४६ **योग विज्ञान तथा स्वास्थ्य जीवन कार्यक्रमको:**

१७८/२०८१।९।५, २८१/२०८१।१०।२८ आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष योग विज्ञान तथा स्वास्थ्य जीवन कार्यक्रमको लागि वडा नं. ६ का जनप्रतिनिधि, कर्मचारी, टोलविकास संस्थाका प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि र समाजसेवी लगायत व्यक्तिहरुको संलग्न भई मिति २०८१।८।२३ गते ३७ जना २ दिनको लागि र मिति २०८१।१०।१९ गते २९ जना ३ दिनको लागि कम्युनिटी नेचर क्युर हस्पिटल, देवचुली १६ रजहर नवलपरासी गई योग परीक्षण गरे वापत क्रमश रु. १८०,६३० र १३९४०० गरी कुल रकम रु.३२००३० भुक्तानी गरेको छ। पालिकाले सार्वजनिक स्रोतको प्रयोग स्रोत साधनको उच्चतम प्रतिफल प्राप्त हुने क्षेत्रमा विनियोजन गरी खर्च गर्नुपर्नेमा योग परीक्षण गरी कम्युनिटी नेचर क्युर हस्पिटललाई भुक्तानी दिनु नियमित नदेखिएको रु.

अनियमित भएको	३,२०,०३०

४७ **कर्मचारी प्रोत्साहन भत्ता:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सकिने व्यवस्था छैन। यस वर्ष पालिकाले प्रोत्साहान भत्ता सम्बन्धी बजेट विनियोजन गरी स्वमूल्याङ्क सूचकको आधारमा विभिन्न ३८ कर्मचारीलाई २५ देखि ३० प्रतिशतसम्म गणना गरी कुल रु.४६,९३,८९२ भुक्तानी गरेको छ। यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरी विभिन्न सूचक निर्धारण गरी कानुन बमोजिम खर्च गर्नु/गराउनु पर्दछ।

४८ **सामुहिक दुर्घटना वीमा सम्बन्धमा:**

१९४/२०८१।९।१९, २०५/२०८१।१०।८ भ्रमण खर्च नियमावली, २०६४ को नियम ११ मा कुनै पदाधिकारी वा कर्मचारी सरकारी कामको सिलसिलामा मुलुक भित्र वा बाहिर भ्रमण गर्दा भ्रमण वा काज अवधि भएको वीमा गराउदा लाग्ने बील बमोजिमको प्रमियम खर्च पाउने व्यवस्था रहेको छ भने स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ को सि.नं. ९(३) मा पदाधिकारी तथा सदस्यले भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची बमोजिमको रकम बराबर दुर्धटना वीमा गर्दा लाग्ने वीमा शुल्क वापत बील बमोजिमको रकम पाउन छ भन्ने व्यवस्था रहेको छ। पालिकाले नेपाल लाईफ इन्सुरेन्ससँग सम्झौता गरी पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको १८३ दिनको (लागु मिति २०२५।१।१७) म्याद रहने गरी नेपाल लाईफ सामुहिक अफिनिटी म्यादी जीवन योजना मार्फत निज इन्सुरेन्सलाई २२४ जनाको रु.३,५१,८६५ वीमा गरेको भनि भुक्तानी दिएको देखियो। माथि उल्लेखित नियम तथा ऐन अनुसार भ्रमणमा जाँदा वील बमोजिम प्रिमियम शुल्क पाउनेमा जनप्रतिनिधि तथा कर्मचारीको भ्रमण अविध भन्दा बाहेक समयको सामुहिक अफिनिटी म्यादी जीवन वीमा योजना अनुसार खर्च भएको उक्त रकम नियमित नदेखिएको रु.

अनियमित भएको	३,५१,८६५

४९ **खरिद सीमा उल्लंघन:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस(६१६७१३०६०) बाट रू.१७,४५,८२७.०० बराबरका मालसामान देहाय बमोजिम पटक पटक गरी खरिद गरेको छ। खरिद नियममा भएको व्यवस्था पालना भएको देखिएन। यस्तो खरीद कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	**गो. भौ. न.**	**मिति**	**विवरण**	**भुक्तानी रकम**
१	१०५	२०८१/०७/१४	छपाई सामाग्रि खरिद	८८,६४२.००
२	१०६	२०८१/०७/१४	वार्षिक बजेट किताब तथा भित्तेपात्रो छपाई खर्च	५,४८,७६०.००
३	४५१	२०८२/०१/१५	बालमैत्रि स्थानिय शासन कार्यक्रम बापतको खरिद	२,८२,४४९.००
४	४५४	२०८२/०१/१५	कार्यालयका लागि आवश्यक सामाग्री खरीद बापतको	९३,६६०.००
५	३६६	२०८२/०२/२६	२D Board Display with ACP Backgroung खरिद	९४,६८८.००
६	६५२	२०८२/०३/११	प्रोत्साहन तथा पुरस्कार वितरण कार्यक्रम	६८,२३८.००
७	६८४	२०८२/०३/११	सामाग्री छपाई तथा खरीदको रकम भुक्तानि	२,१४,१२४.००
८	७३९	२०८२/०३/१३	नगरसभाको खर्च भुक्तानी	१,८०,७६८.००
९	७८८	२०८२/०३/२२	कार्यक्रमको रकम भुक्तानि	८३,२९०.००
१०	८४९	२०८२/०३/२४	प्रिन्ट खरीदको रकम भुक्तानि	३५,१२२.००
११	८७२	२०८२/०३/२५	मसलन्द तथा कार्यालय सामाग्री खरिद,सवारी साधन मर्मत खर्चको रकम भूक्तानी	५६,०८६.००
जम्मा				**१७,४५,८२७.००**

५० **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु.४१६९२२६ खर्च गरेको छ, जुन

आन्तरिक आयको ७.६८ प्रतिशत हुन आउँछ। जसमध्ये सभा सञ्चालन, अतिथि सत्कार, विभिन्न समितिको बैठक तथा खाजा खर्च तथा अन्य कार्यक्रममा भएको विविध खर्च लगायत रहेको छ। खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

विषय	रकम
सभा सञ्चालन भएको खर्च	१०४१४४६
अतिथि सत्कारमा भएको खर्च	५०००००
विभिन्न समितिको बैठक तथा खाजा खर्च	२२०१७५०
अन्य कार्यक्रममा भएको विविध खर्च	४२६०३०
जम्मा	**४१६९२२६**

५१ **युवा स्वरोजगार कार्यक्रम सम्बन्धमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्न सकिने व्यवस्था छ। यसरी योजना बनाउँदा उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर र रोजगारी बढ्ने योजना छनौट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले युवा स्वरोजगार कार्यक्रम कार्विधि, २०७५ तयार गरी २१ वर्ष उमेर पूरा भई ५९ वर्ष ननाघेका विदेशबाट फर्किएका र स्वदेशमै स्वरोजगार बन्न चाहने युवालाई लक्षित गरी कार्यक्रम सञ्चलान गरेको पाइयो। जस अन्तर्गत पालिकाले तोकेको मापदण्ड पूरा गरेका कृषक समूहहरूलाई ब्याजमा अनुदान (लगानी गरेका कृषकहरूलाई अनुगमन गरेका आधारमा सम्झौता अनुसार) दिएका छ। यसरी व्याजमा अनुदान दिइसकेपछि पालिकाले नियमित अनुगमन गरी रोजगारीको अवसर सृजना गरेको छ। यसरी वर्षेनी रामपुर नगरपालिकाबाट बैदेशिक रोजगारमा जाने युवाहरुलाई स्थानीय तहमै स्वरोजगार बन्न प्रेरित गरेको छ।

भौ.नं र मिति	कृषि तथा पशुपालन फर्म	रकम रु.
१४१-२०८१/८/१३	१३	७,४५,४२६
२७२-२०८२/१/२४	१३	६,९६,८१५
७८१-२०८२/३/२२	१७	७,५२,३८०
जम्मा	**४३**	**२१,९४,६२१**

५२ **अध्ययन अवलोकन भ्रमण:**

यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारी नेपालको विभिन्न भागमा अध्ययन अवलोकन भ्रमण गरी रु.२३०६६६३.५० खर्च गरेको देखिएको छ। उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्बन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन। यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण सम्बन्धि विवरण देहाय अनुसार रहेको छ:

गो.भौ./मिति	भ्रमण गर्ने पदाधिकारी/कर्मचारी	स्थान र मिति	खर्च	कार्यक्रम संयोजन गर्ने
१३२/२०८१।८।११	न्यायिक समिति तथा मेलमिलाप कर्ता ४५ जना	२०८१।७।७-७।८ सम्म गुल्मी	१९५०८२	पार्वती परियार
८६/२०८१।७।१२	प्राविधिक कर्मचारी १८ जना	२०८१।६।११ देखि ६।१६ सम्म मुस्ताङ्ग	३६९५५०	प्रकाश बस्याल
५८४/२०८२।३।३	जनप्रतिनिधि तथा कर्मचारी १९ जना	२०८१।१०।१६ देखि १०।२१ सम्म धनगढी सुर्खेत	५२३६४९	नारायण प्रसाद गैरे
५६७/२०८३।३।१	जनप्रतिनिधि तथा कर्मचारी ३२ जना	२०८१।१२।११ देखि १२।१९ सम्म काठमाडौं पोखरा	९१८४३२.५	विक्रम वस्नेत
१५२/२०८१।८।२०	स्वास्थ्य कर्मी ३२ जना	२०८१।७।२० देखि ७।२४ सम्म काठमाडौ, भक्तपुर कार्भेपलाञ्चोक लगायत पूर्वी नेपाल	३०००००	गिरिराज घिमिरे
जम्मा			**२३,०६,६६३.५०**	

५३ **वन पैदावर:**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा सामुदायिक वनबाट आय प्राप्त गर्नका लागि सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र यसरी वन पैदावरबाट बिक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकामा पेश गर्नुपर्ने व्यवस्था भएपनि पालिकामा यस्ता समिति गठन भएको पाईएन।

५४ **कृषि पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट उपलब्ध गराइएको विवरण अनुसार देहाय बमोजिम २५८४ जना कृषक र १ कृषि समूहको लागि रु.२८७२३४९ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्र.स.	अनुदान/कार्यक्रम	लाभग्राही संख्या	खर्च रकम(अनुदान)
१	तेलहन तथा तरकारी बीउ विजन ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम (काउली, बन्दा र ब्रोकाउली तथा काक्रो घिरौला, करेला, लौका)	२३०	२९९९५०
२	बाली संरक्षण कार्यक्रमको लागि विषादी खरिद तथा ढुवानी कार्यक्रम (विषादी वितरण)	४००	३९८४७०
३	खाद्यान्नबालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम ५० प्रतिशत अनुदानमा		१६७४४२९
	धान	७१३	
	मकै	४३४	
	गहुँ	३०७	
४	माटो परिक्षण कार्यक्रम पूर्ण अनुदानमा कृषि चुन तथा जिङ्क वितरण	५००	१९९५००
५	उखु पेल्ने मेशिन अनुदान	१ कृषक समुह	३०००००
जम्मा	**२५८४**		**२८७२३४९**

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो ।यस आ.व.मा पालिका अन्तर्गतका ८ वटा वडामा १० वटा कार्यक्रम सञ्चालन भई रु.४६,७६,०००/- खर्च भएको ३ जना कर्मचारीहरुको तलब, चाडपर्व र पोशाक खर्च बापत रु.१५००९३७/- गरी कुल रु.६१,७६,९३७ खर्च भएको छ।

वडानं.	कार्यक्रम/योजनासंचालन	रोजगारसंख्या	कुलखर्च रकम
१	वडाभित्रका गोरेटो तथा मोटर वाटो मर्मत	८	**५३४४००**
२	रानिघाटशवदहन सिढी निर्माण	७	**२३३८००**
३	नर्मदाचौतारी निर्माण योजना	६	**१००२००**
	वडाभित्रका नयाँ नाली निर्माण योजना	६	**३००६००**
४	बडाभित्रका मो वा तथा गोरेटो बाटो मर्मत	९	**२२८४५६**
	सार्वजनिक स्थल मठ मन्दिर पाटी पौवा धारा कुवा निमार्ण तथामर्मत योजना	९	**७२१४४**
५	शहिद पार्कमर्मत तथा निमार्ण योजना	५	**१४३६२०**
	बृक्षारोपण कार्यत्रम अन्तगत सार्वजनिक जग्गाहरुमा रोपणगरिएको बिरुवाहरुको संरक्षण तथा सम्वद्धन योजना	५	**१९०३८०**
६	ज्यादीदोभान घाटमा सिढी निमार्ण	७	**१८७०४०**
	आधारभुत स्वास्थ्य सेवा केन्द्र पर्खाल निमार्ण	७	**४६७६०**
७	शितलनगरटोलको गणेश मन्दिर जाने बाटोको सिढी निमार्ण	९	**२२८४५६**
	श्री धर्मोदय दशावतार बालन दशधाम निमार्ण साझेदारी कार्यक्रम	९	**७२१४४**
८	वडा भरिकाअप्ठयारो र पर्यटकीय क्षेत्रका लागी नयाँ बाटो र ट्र्याक निमार्ण	८	**२६७२००**
९	जग्गादीमसानेचौर,मधुकोट,सेगीडहर, सोतीडाँडा,अर्वसिंङ,साठी पाइला,देउराली, मन्छेलुङ्देखी मन्टाहा सम्मको बाटोहरु मर्मत	६	**२००४००**
	तुरुन्दी,बरभञ्जाङ्ग,स्वामीडाडाँ,कोटडाँडा,पिलुवा रलाम्दीखोला अन्तरगतका बाटोहरु निमार्ण	६	**२००४००**
१०	च्याङ्लीङटूलोकुलो, शालधारी प्रतिक्षालय तथा कुमालगाँउ धारा ठाडो बाटो नाली निमार्ण योजना	५	**१३३६००**
	सिन्दुरे पानी मुल्याहा कुलो मर्मत योजना	५	**२००४००**
	सिप विकासतालिम (सडक मर्मत कर्मी) आ डी ए	४०	**१३३६०००**
कुल खर्चरकम		**१५७**	**४६,७६,०००**

निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी दिनुपर्दछ।

५६ **बर्थिङ सेन्टर:**

स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन (शसर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम), २०८१।८२ को मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलापन नं ३ मा स्वास्थ्य चौकि तथा प्राथमिक स्वास्थ्य केन्द्रमा उपलब्ध नर्सिङ जनशक्तिले २४ सै घण्टा प्रसुती सेवा दिन नसक्ने अवस्था भएमा वर्थिङ सेन्टरको स्थापना गर्ने व्यवस्था गरेको छ। जहाँ वार्षिक ६० जना वा सो भन्दा कम प्रसुती भएको खण्डमा करारमा अनमी खटाउन पाइने छैन भन्ने व्यवस्था छ। पालिकाले निम्न वर्थिङ्ग सेन्टरमा कार्यविधिले तोकेको मापदण्ड भन्दा थोरै सुत्केरी सङ्ख्या भएकोमा करारमा अनमी नियुक्ती गरी तलब भत्ता भुक्तानी दिएको अनियमित देखिएको रू.

बर्थीङ्ग सेन्टर	वार्षिक सुत्केरी सङ्ख्या	अनमी दरवन्दी	करार न्युक्ती	करारको वार्षिक तलब भत्ता
गेजा स्वास्थ्य चौकी	२१	१	१	१०१४०००
गडाकोट स्वास्थ्य केन्द्र	१४	१	१	
भलायटार आ.स्वा.के.	१३	१	१	
खालिवन स्वा. चौकि	२	१	१	
जम्मा				**१०१४०००**

अनियमित भएको	१०,१४,०००

५७ **औषधि खरिद:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझौ खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन नगरी सोझै विधिवाट रु.२९,८३,००० को खरिद गरेको छ। यसबाट आपूर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञ वाट मुचुल्का उठाइ राख्ने नगरेको, आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन। औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

५८ **विद्यालय र विधार्थी संख्या:**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसारदेखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

क्र.सं.	विद्यालयको किसिम	विद्यालय संख्या	विधार्थी संख्या
१	सामुदायिक विद्यालय	५०	८४८६
२	संस्थागत विद्यालय	७	३४४२
३	धार्मिक	१	१८९
	जम्मा	**५८**	**१२११७**

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १२११७ रहेकोमा ७१.५९ प्रतिशत सामुदायिक र २८.४१ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ।

५९ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति:**

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ५७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ:

विद्यालयकोकिसिम	दरबन्दीसंख्या	स्थायीपदपूर्ती	पदपूर्तीमध्येराहत/करार	रिक्तदरबन्दी
सामुदायिक	४३९	२८३	१५६	०

उक्त विवरण अनुसार पालिकामा जम्मा ४३९ दरबन्दी रहेकोमा २८३ जना स्थायी पदपूर्ति र १५६ जना राहत/करारमा नियुक्त गरी पठन पाठन हुँदै आएको छ ।

६० **शिक्षक विद्यार्थी अनुपातः**

विद्यालय क्षेत्र सुधार योजना अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ:

क्र स	विद्यालयनाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यर्थी अनुपात
१	रामतुल्सी मा.वि.रामपुर	४१	२६७५	१:६५
२	दरैठाँटीमा.वि.रामपुर	२९	७७१	१:२७
३	गंगामा.वि.खालिवन	२२	६२८	१:२९
४	जनकल्याणमा.वि.गेझा	२०	४३१	१:२२
५	जनविकासमा.वि.दर्छा	२०	४३०	१:२२
६	आधारभूतमा.वि.रामपुर	२५	३७०	१:१५
७	भानुभक्तमा.वि. गेझा	२०	३५०	१:१८
८	सीतारामामा.वि.दर्छा	१७	२४९	१:१५
९	नवदुर्गामा.वि.रामपुर	१५	२३३	१:१६
१०	भानुभक्तमा.वि. खालिवन	१६	१८३	१:११
११	जनशान्तिमा.वि.खालिवन	१५	१८३	१:१२
१२	रामपुरआ.वि.रामपुर	९	१७४	१:१९
१३	कृष्णादेवीमा.वि.गाँडाकोट	१६	१६५	१:१०
१४	कालिकामा.वि.दर्छा	९	१४१	१:१६
१५	चन्द्रोदयमा.वि.गाँडाकोट	१३	१३२	१:१०
१६	छम्केआ.वि.गाँडाकोट	७	९३	१:१३
१७	जानकीआ.वि.खालिवन	८	८७	१:११
१८	सरस्वतिमा.वि.गाँडाकोट	१३	८४	१:६
१९	मदरसाप्रा.वि.दर्छा	५	७९	१:१६
२०	सीतामा.वि.दर्छा	१२	७८	१:७
२१	वालकल्याणप्रा.वि.रामपुर	४	७४	१:१९
२२	वी.पी.आदर्शप्रा.वि.खालिवन	५	६१	१:१२
२३	वालाशिद्धप्रा.वि.गेझा	४	५१	१:१३
२४	बालकल्याणआ.वि.दर्छा	६	४९	१:८
२५	कालिकाप्रा.वि.गाँडाकोट	५	४७	१:९
२६	बेलघारीप्र.वि.गाँडाकोट	४	४७	१:१२
२७	शिवशक्तीआ.वि खटाङ्	३	४७	१:१६
२८	ज्ञानमञ्जरीप्रा.वि.गाँडाकोट	५	४५	१:९
२९	शंकरआ.वि.गाँडाकोट	८	४४	१:६
३०	विजयप्रा.वि.रामपुर	४	४३	१:११

३१	शारदासरणप्रा.वि.खालिवन	४	४२	१:११
३२	नवजागृतिप्रा.वि.गेझा	६	३९	१:७
३३	कुम्भप्रा.वि. गेंझा	५	३६	१:७
३४	वीरेन्द्रप्रा.वि.खालिवन	३	३४	१:११
३५	अकलाप्रा.वि.रामपुर	३	३०	१:१०
३६	नवदुर्गाप्रा.वि.दर्छा	३	३०	१:१०
३७	देविस्थानप्रा.वि.गेझा	३	२५	१:८
३८	सिद्धार्थप्रा.वि.गेंझा	३	२५	१:८
३९	वालज्योतिप्रा.वि.गाँडाकोट	४	२०	१:५
४०	वालकल्याणप्रा.वि.गाँडाकोट	२	२०	१:१०
४१	लक्ष्मीआ.वि.दर्छा	४	१९	१:५
४२	संयुक्तप्रा.वि.रामपुर	२	१७	१:९
४३	प्रगतिशीलप्रा.वि.खालिवन	३	१६	१:५
४४	जनहितप्रा.वि.खालिवन	३	१५	१:५
४५	शान्तिप्रा.वि. गाँडाकोट	३	१५	१:५
४६	वालहितप्रा.वि.दर्छा	२	१५	१:८
४७	बुद्धप्रा.वि.गेंझा	२	१५	१:८
४८	शान्तिप्रा.वि. दर्छा	१	१४	१:१४
४९	बालहितप्रा.वि.गाँडाकोट	२	१०	१:५
५०	सिद्धप्रा.वि.खालिवन	१	५	१:५
जम्मा		**४३९**	**८४८६**	१:१९

पालिकाका कक्षा १-१२ मा ५० वटा विद्यालयमा ४३९ जना शिक्षक र ८४८६ जना विद्यार्थी रहेकोमा औसत शिक्षक विद्यार्थी औषत अनुपात १:१९ रहेको छ। श्री रामतुल्सी मा.वि. रामपुर शिक्षक विद्यार्थी अनुपात १:६५ रहेको छ, भने श्री सिद्ध प्रा.वि. खालिवनको शिक्षक विद्यार्थी अनुपात १:५ रहेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

६१ **प्रति विद्यार्थी लागत:**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ

बजेट विवरण	**बजेट रकम**	**खर्च रकम**	**विद्यार्थी संख्या**	**प्रति विद्यार्थी लागत**
शिक्षा क्षेत्रको कुल बजेट	**२९५३३२०००**	**२७३७३८७३३**	**८४८६**	**३२२५८**

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास देखि कक्षा १२ को प्रति विद्यार्थी लागत रु.३२२५८ रहेको छ।

६२ **शैक्षिक गुणस्तर:**

पालिका अन्तर्गत रहेका १२ सामुदायिक विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा ६७५ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.स.	जिपिए	जम्मा विधार्थी	उत्तिर्ण विधार्थी संख्या		ग्रेडेड प्रतिशत	
			संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक
१	३.६ देखि ४ सम्म	८७	३०	५७	८८.०७	६६.२५
२	३.२ देखि ३.६ सम्म	१२९	२९	१००		
३	२.८ देखि ३.२ सम्म	१६६	२४	१४२		
४	२.४ देखि २.८ सम्म	८८	१३	७५		
५	२.० देखि २.४ सम्म	१	०	१		
६	१.६ देखि २.० सम्म	०	०	०		
७	N. G.	२०४	१३	१९१		
	जम्मा	**६७५**	१०९	५६६	**६९.७८**	

उल्लेखित तालिका अनुसार सामुदायिक विद्यालयमा ३.६१-४.०० जि.पि.ए. ल्याउने ५७ जना, ३.२१-३.६० जि.पि.ए.ल्याउने १००, जना, २.८१- ३.२ जि.पि.ए. ल्याउने १४२, २.४१-२.८ जि.पि.ए. ल्याउने ७५, २.०-२.४ जि.पि.ए. ल्याउने १, तथा N.G. ल्याउने १९१ जना गरी गरी ५६६ जना विद्यार्थी मध्ये ३७५ जना अर्थात ६६.२५ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट ग्रेडेड भएकोमा १९१ जना अर्थात ३३.७५ प्रतिशत विद्यार्थीले N.G. ल्याएको देखिन्छ। सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रू.३२२५८ रहेकोमा उत्तिर्ण प्रतिशत तुलनात्मक रुपमा न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

६३ **दिवा खाजा सम्बन्धमा:**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । पालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत १६२ दिनको २०८१/०८२ विद्यार्थीलाई ४१५१ हाजिरी दिनको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु.१,००,६७,२९१ अनुदान उपलब्ध गराएको छ। पालिकाले ५० विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

गो. भौ./मिति	दिवा खाजा रकम
२०- २०८१/०६/१०	३७३५९००
६८- २०८१/१०/२८	१७६५२७२
८१- २०८१/१२/२१	१६४४९२९
१४२- २०८२/०३/१०	२९२११९०
जम्मा	**१००६७२९१**

(क) स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने, यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्दछ।

(ख) विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

६४ स्यानिटरी प्याड:

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को कम्पोनेन्ट २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ सम्मका छात्राहरू तथा आवश्यकतानुसार अन्य कक्षाका छात्राहरू को कम्तिमा १० महिनालाई पुग्ने स्यानीटरी प्याड निशूल्क रूपमा वितरण गर्ने व्यवस्था रहेको छ। यस पालिकामा रहेका ५० विद्यालय मध्ये कक्षा ६ देखि माथि अध्यापन गराईने २७ विद्यालयका २१७३ छात्रालाई मासिक रूपमा आवश्यक पर्ने सेनेटरी प्याड व्यवस्थापनको लागि आ.व. २०८१।८२ मा कोटेशन विधिबाट एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ्ग प्रा.लि. बाट १०७५० प्याकेट प्रति प्याकेट मु.अ.कर सहित रू.८२ का दरले खरिद गरी रू.९,९६,०९५ भुक्तानी गरेको देखिएको छ। यसरी यस वर्षमा जम्मा १०७५० प्याकेट प्याड खरिद गरेकोमा ९५०० प्याकेट प्याड मात्र विद्यालयमा वितरण गरेको भरपाई पेश हुन आएकोले बाँकी प्याड १२५० थान पालिकाको जिन्सी शाखामा नै मौज्दात रहेको छ।

६५ सीप विकास तालिम (मेडपा कार्यक्रम):

गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाका सीप विकास तालिम(उद्यमशीलता विकास तालिम, साबुन बनाउने तालिम, च्याउ उत्पादन तालिम, सामाजिक परिचालन तालिम)मा रु. ४४४१७० खर्च गरेको छ। उक्त तालिम लिएका तथा मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख पालिकाले राखेको भएतापनि पालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थीहरूले व्यवसाय तथा उद्यम शुरु गरे वा गरेनन् सोको अनुगमन गरी उपलब्धी मापन गरेको पाइएन। तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ। यस बर्षमा पालिकाबाट सञ्चालन भएका तालिमको विवरण देहाय अनुसार छ :

क्र.सं.	तालिमको नाम	सहभागी संख्या	खर्च रकम
१	सामाजिक परिचालन तालिम	३२ जना	३९४७०
२	उद्यमशीलता विकास कार्यक्रम	२८ जना	१२०३८५
३	च्याउ उत्पादन सीप विकास तालिम	२५ जना	१६१३५०
४	साबुन उत्पादन सम्बन्धी एड्भान्स तालिम	२३ जना	१२२९६५
जम्मा			**४४४१७०**

यसरी तालिम सञ्चालनबाट तालिम प्राप्त उद्यमीहरूले जीवनस्तरमा सुधार भए नभएको सम्बन्धमा पालिकाले सुक्ष्म अनुगमन गर्नुपर्दछ।

६६ **राजश्व अभिलेखः**

पालिकाले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकामा यस वर्ष आन्तरिक आय रु.५,४२,७३,१७१.१० असूली भएको छ। प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक पद्धति नभएकाले कति राजस्व उठने र कुन मितिमा दाखिला भएको हो एकिन गर्न सकिएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११८ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सोको अद्यावधिक गर्दै आगामी दिनमा राजस्व प्रणालीमा आन्तरिक नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख थप व्यवस्थित गरिनुपर्दछ।

६७ **आन्तरिक आय तथा कर सङ्कलनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ :

(क) पालिकाले यस वर्षमा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा राजस्व बाँडफाडबाट प्राप्त रकम समेतको आन्तरिक आयको स्थिति देहाय बमोजिम छ:

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३६७७६६५१४.३२	५४२७३१७१.१०	१४.७५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४.७५ प्रतिशत मात्र रहेको छ। अतः पालिकाले सङ्घीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ।

(ख) पालिकामा यस वर्ष रू.७ करोड आन्तरिक आयको अनुमान गरिएकोमा तपसिलका शीर्षक मा रु.५,४२,७२,१७१.१० सङ्कलन भएको छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पती कर	४०,००,०००.००	२८,७०,१५१.३७	७१.७५
भुमिकर/मालपोत	२,००,००,०००.००	२,४५,२६,७५७.८९	१२२.६३
वहाल कर	३०,००,०००.००	४१,९४,४८५.७२	१३९.८२
सवारी साधन कर (साना सवारी)	२,००,०००.००	०	०
पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	५,००,०००.००	०	०
व्यवसायले भुक्तानी गर्ने	०	२,७५,१६५.००	२,७५,१६५.००
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	५००.	५००.००
कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	३६,६३५.००	३६,६३५.००
अन्य बिक्रीबाट प्राप्त रकम		१,०३,४८५.१०	१,०३,४८५.१०
निजी धारा वापतको शुल्क		३००.	३००.
अन्य कर	१६,००,०००.००	१५,१३,१००.००	९४.५७
अन्य सेवा शुल्क तथा बिक्री	३,००,०००.००	५,६८,२१०.२९	१८९.४
परीक्षा शुल्क	०	२,४००.००	२,४००.००
अन्य प्रशासनिक सेवा शुल्क	०	२,५३,०००.००	२,५३,०००.००
नक्सापास दस्तुर	८७,००,०००.००	५४,८१,९३१.८०	६३.०१
सिफारिश दस्तुर	३५,००,०००.००	३९,९५,८३९.२५	११४.१७
व्यक्तिगत घटना दर्ता दस्तुर	१०,००,०००.००	७,०१,७००.००	७०.१७
नाता प्रमाणित दस्तुर	५,००,०००.००	४,८१,७४०.००	९६.३५
अन्य दस्तुर	१०,००,०००.००	६,८१,५८९.००	६८.१६
जलस्रोत सम्बन्धी अन्य दस्तुर	६०,००,०००.००	०	०
अन्य क्षेत्रको आय	२,००,०००.००	०	०
प्रशासनिक दण्ड, जरिवाना र जफत	१०,००,०००.००	३,३०,५०६.५४	३३.०४
अन्य राजस्व	१,००,००,०००.००	४८,३६,००३.०२	४८.३६
व्यवसाय कर	७५,००,०००.००	२२,४३,९७४.००	२९.९२
बेरूजू	१०,००,०००.००	११,७४,६९७.१२	११७.४७
जम्मा	७,००,००,०००.००	५,४२,७२,१७१.१०	७७.५३

६८ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

(क) खर्चको अनुमोदन: नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्याङ्कनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ। नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन।

(ख) प्राविधिक बील र कार्यसम्पन्न: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा आ.वि.धिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

(ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिहरू सँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन। उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ।

(घ) हेभी इक्विपमेण्टको प्रयोग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन।

(ङ) लागत सहभागिता: पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

(च) आयोजना हस्तान्तरण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

६९ **डोजर, लोडर, एक्साभेटर मर्मत तथा आम्दानी:**

पालिकासँग पालिकाले खरिद गरेको १ लोडर, ग्रेडर र रोलर २ गरी जम्मा ३ रोडर, लोडर रहेको पाइयो। पालिकाले दिएको विवरण अनुसार लोडरबाट कुनै आम्दानी भएको छैन। पालिकाले कालीगण्डकी करिडोरमा पहिरो पन्छाउने, पालिकाभित्रका बाटाहरूमा सरसफाई गर्ने गरी यस वर्ष मर्मत तथा इन्धनमा २७,३६,३०१।१९ खर्च गरेको छ भने ग्रेडर बाट रु. १०,६०,५०० आम्दानी गरेको तर ग्रेडरको मर्मत तथा इन्धनमा १९,९२,७१७।९० गरी रोडर तथा डोजरमा रु.४७,२९,०१९।०९ खर्च गरेको छ।

७० **सामाजिक सुरक्षा :**

पालिकामा यस वर्ष औसत ४७१४ लाभग्राहीलाई जम्मा रू.१६,७२,१६,६६४ सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरिएकोमा यस सम्बन्धमा देहायमबमोजिम व्यहोराहरू देखिएका छन्:

लाभग्राहीको अभिलेख :

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले सबै लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ।

निस्कृय खाता :

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १० वटै वडाको सबै त्रैमासिकको भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त छैन। कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

भत्ता वितरणको अनुगमनः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त कार्य गरेको देखिएन। तसर्थ, कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

७१ **लगत कट्टा पछिको बढी भुक्तानी:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका लाभग्राहीको लगत कट्टा भएको मिति भन्दा पछि सम्मको समेत रकम EFT मार्फत भुक्तानीको लागि निकासा भएको देखिएकाले लगत कट्टा पछिको भत्ता असुल गरी दाखिला गर्नु पर्ने रु

क्र.स.	लाभग्राहीकोनाम,थर	परिचयपत्र नम्बर	सामाजिक सुरक्षा भत्ता प्रकार	मासिक भत्ता दर	लगत कट्टा मिति	भुक्तानी विवरण	बढी भुक्तानी
१	दुर्गा बहादुर श्रेष्ठ	१९९१०८०७००७७५	अन्य जेष्ठ नागरिक	४०००	२०८१/६/१५	पहिलो त्रैमासिकसम्म	१९९९
२	नर बहादुर राना	२०८०३२००२५३२	अन्य जेष्ठ नागरिक	४०००	२०८१/६/२८	पहिलो त्रैमासिकसम्म	२६६
३	रुक्मीणी ढकाल	२०५०६१४०११९३	अन्य जेष्ठ नागरिक	४०००	२०८१/६/२८	पहिलो त्रैमासिकसम्म	२६६
४	बल बहादुर राकास्कोटी	१९९९०३१४०१८५६	अन्य जेष्ठ नागरिक	४०००	२०८१/९/१५	दोस्रो त्रैमासिकसम्म	१९३१
५	बलीसरा सिंजाली	२०१२०४१६०१९६७	अन्य जेष्ठ नागरिक	४०००	२०८१/९/२४	दोस्रो त्रैमासिकसम्म	६९०
६	तेज कुमारी पौडेल	२००००६१८०१०९६	अन्य जेष्ठ नागरिक	४०००	२०८१/१२/२७	तेस्रो त्रैमासिकसम्म	३९९
७	रुपी राना	१९९२१००५००६२५	अन्य जेष्ठ नागरिक	४०००	२०८१/१०/३०	तेस्रो त्रैमासिकसम्म	८२६६
८	पुना देवी ढकाल	२००४०४०५००६६२	अन्य जेष्ठ नागरिक	४०००	२०८२/३/१६	चौथो त्रैमासिकसम्म	१८६६
जम्मा							**१५६८३**

असुल गर्नुपर्ने	१५,६८३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रामपुर नगरपालिका, पाल्पा , रामपुर नगरपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुर्य दर्शन पण्डित	२०८०-६-४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२७२,३३६.११	१०,८०२,९८२	६१४,८४०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,६९०,१५८.११
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	८०,४७२.३६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,६०९,६८५.७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२६११९६८१.९३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४७८४२९०७४.३२	चालु खर्च	४९५४६४२१५.४८
प्रदेश सरकारबाट अनुदान	२४३३९५३२	पूँजीगत खर्च	१५१६३४५०७.९२
राजश्व बाँडफाँट	१११६९५५७८.६१	वित्तीय/अन्य व्यवस्था	२०९८१९१२९.०३
आन्तरिक आय	५४२७३१७१.१		
अन्य आय	१८८०९२२९८.७४		
कुल आय	८५६८२९६५४.७७	कुल खर्च	८५६९१७८५२.४३
बाँकी मौज्दात		१२६०३१४८४.२७	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

रामपुर नगरपालिकाको म.ले.प.फारा नम्बर २७० (आ.व. २०८१।८२)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१४,५२,००,५०४.३९	०	१४,५२,००,५०४.३९	१२,८५,२०,७०७.२९	०	१२,८५,२०,७०७.२९
१३०००	अनुदान		४७,४७,१९,५१०.२९	०	४७,४७,१९,५१०.२९	४६,१७,३०,०९१.४०	०	४६,१७,३०,०९१.४०
१४०००	अन्य राजस्व		२,५९,९५,९१२.११	०	२,५९,९५,९१२.११	२,६२,८७,६४०.७३	०	२,६२,८७,६४०.७३
१५०००	विविध प्राप्ति		११,७४,६९७.१२	०	११,७४,६९७.१२	८,३३,८९२.००	०	८,३३,८९२.००
क	कुल जम्मा प्राप्ति		६४,७०,९०,६२३.९१		६४,७०,९०,६२३.९१	६१,७३,७२,३३१.४२		६१,७३,७२,३३१.४२
३	चालु		४९,५४,६४,२१५.४८	०	४९,५४,६४,२१५.४८	४६,५९,१६,७१८.५९	०	४६,५९,१६,७१८.५९
२१०००	पारिश्रमिक / सुविधा		३५,१९,५९,९७०.५७	०	३५,१९,५९,९७०.५७	३३,३२,६५,१२२.९२	०	३३,३२,६५,१२२.९२
२२०००	मालसामान तथा सेवाको उपयोग		१०,२४,२६,५९९.९१	०	१०,२४,२६,५९९.९१	९,८९,७२,५५३.०४	०	९,८९,७२,५५३.०४
२५०००	सहायता (Subsidy)		२,९५,०२,२२१.००	०	२,९५,०२,२२१.००	२,३२,३३,८८०.६३	०	२,३२,३३,८८०.६३
२६०००	अनुदान		१४,६६,६५८.००	०	१४,६६,६५८.००	१,८५,७००.००	०	१,८५,७००.००
२७०००	सामाजिक सुरक्षा		८६,६५,७४१.००	०	८६,६५,७४१.००	८७,९८,४०७.००	०	८७,९८,४०७.००
२८०००	अन्य खर्च		१४,४३,०२५.००	०	१४,४३,०२५.००	१४,६१,०५५.००	०	१४,६१,०५५.००
४	पूंजीगत		१५,१६,३४,५०७.९२	०	१५,१६,३४,५०७.९२	१३,०५,५२,१९९.००	०	१३,०५,५२,१९९.००
३१११०	भवन तथा संरचना		१,५६,३३,१६५.००	०	१,५६,३३,१६५.००	१,०२,३०,०८६.००	०	१,०२,३०,०८६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,२९,५५,२१९.००	०	१,२९,५५,२१९.००	९१,३७,२१०.००	०	९१,३७,२१०.००
३११५०	सार्वजनिक निर्माण		१२,२३,३३,००२.९२	०	१२,२३,३३,००२.९२	१०,९२,८२,३५५.००	०	१०,९२,८२,३५५.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	३,८०,९६१.००	०	३,८०,९६१.००
३११७०	पूँजीगत सुधार खर्च		७,१३,१२१.००	०	७,१३,१२१.००	१५,२१,५८७.००	०	१५,२१,५८७.००

ख)	कुल जम्मा भुक्तानी		६४,७०,९८,७२३.४०		६४,७०,९८,७२३.४०	५९,६४,६८,९१७.५९		५९,६४,६८,९१७.५९
ग)	बचत /कमी (ग = क-ख)		-८,०९९.४९		-८,०९९.४९	२,०९,०३,४१३.८३		२,०९,०३,४१३.८३
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३७,६४,७६०.८३		३७,६४,७६०.८३	(१,९७,८०६.५२)		(१,९७,८०६.५२)
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३७,५६,६६१.३४		३७,५६,६६१.३४	२,०७,०५,६०७.३१		२,०७,०५,६०७.३१
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१२,२२,७४,८२२.९३		१२,२२,७४,८२२.९३	१०,१५,६९,२१५.६२		१०,१५,६९,२१५.६२
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१२,६०,३१,४८४.२७		१२,६०,३१,४८४.२७	१२,२२,७४,८२२.९३		१२,२२,७४,८२२.९३
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय		
पालिकाबाट प्रमाणिकरण मिति :								

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।